परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : ३ अंक : १०२ पृष्ठ ४ २०८१ माघ १७ गते, बिहिबार 30-January, 2025 मूल्य रु. ५/-




हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## रेडक्रस सोसाइटी बर्दिवासको नेतृत्वमा खडका निर्वाचित



• टक नेपाल

नेपाल रेडक्रस सोसाइटी बर्दिवासको नेतृत्वमा भुवन खडका निर्वाचित भएका छन ।

आज भएको १० औ साधारणसभा र चौथो अधिवेशनवाट खडका सभापतिमा निर्वाचित भएका हुन ।

खडकासँगै उपसभापतिमा देव कुमारी पौडेल, सचिवमा टिका बस्नेत(गणेश), कोषाध्यक्षमा दान वहादुर थापा(बिष्णु), उप-कोषाध्यक्षमा किशोर भट्टराई र उपसचिवमा सुनिल यादव समेत निर्वाचित भएको निर्वाचन मण्डलले जनाएको छ ।

निर्वाचन मण्डलले ५ सदस्य सर्वसम्मत निर्वाचित गरेको छ । निर्वाचित हुनेहरुमा रवी निरौला, विप्लब अधिकारी, सुमित्रा भट्टराई, इन्द्र प्रसाद ढुंगेल(सिताराम) र महिला सदस्यमा उषा ढकाल छन् ।

युवा नेतृत्वको यो टिमले रेडक्रसलाई थप उचाईमा पुर्र्याउने बिस्वास लिइएको छ । नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा सुभकामना दिदै नगरप्रमुख प्रल्हाद कुमार क्षेत्रीले यो नेतृत्व परोपकारी कार्यमा थप शसक्त वन्ने बिस्वास व्यक्त गरे ।

कार्यसमितिको निर्णयले थप एक जनालाई मनोनित गर्ने व्यवस्था रहेको पुर्व सभापति मुकुन्द पौडेलले जानकारी दिएका छन् ।

## समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २२औं साधारण सभा सम्पन्न

• बिनोद ढुङ्गेल




समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेडको बाइसौं साधारण सभा आज बर्दिबासमा सम्पन्न भएको छ ।

संस्था का अध्यक्ष गीता अधिकारीको अध्यक्षता , संस्थाका संरक्षक नेपाली कांग्रेसका प्रमुख सचेतक माननीय श्यामकुमार घिमिरेज्यूको प्रमुख अतिथ्यता बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रलादकुमार क्षेत्री, समाजसेवी मञ्जुश्री क्षेत्री वडा नम्बर १४ का वडा अध्यक्ष विजयकुमार महत्व वडा नम्बर ३ का वडा अध्यक्ष विराट बिष्टको विशिष्ट अतिथिमा नेपाली कांग्रेसका नगर सभापति युवराज पोखरेल, जिल्ला सहकारी संघका उपाध्यक्ष लिलामणि आचार्य ,माधव पौडेल, यज्ञ प्रसाद ढुंगेल, सन्तोष भुजेल, लगायतको आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा संरक्षक श्यामकुमार घिमिरेले सहकारी दुई प्रकारले देशभरि अप्ठ्यारो अवस्थामा रहेको पहिलो त सहकारी डुब्यो डुब्यो भन्ने हल्ला र दोस्रो चाहिँ समयमै ऋण फिर्ता नगर्ने वा नतिर्ने अवस्थाले सहकारीलाई अप्ठ्यारोमा परेको र समाज सहकारी अहिले त्यो अवस्थामा नरहेको र केही ऋणहरु असुली नभएका कारणले असहज परिस्थिति आए पनि एक महिनाभित्रै त्यसको समाधान हुने कुरा सबैलाई प्रतिबद्धता समेत व्यक्त गरेका थिए ।

नगरभित्रका सहकारीहरू एक भएर आए आफू सहयोग गर्न तयार रहेको ऐननै ल्याउनुपर्ने भए पनि आफू तयार रहेको र बचतकर्ताको बचत सुरक्षित हुनुपर्ने बचतकर्ता ऋण लगानी गर्दाखेरि सहकारीहरूले कृषि तथा पशुपंक्षी जन्य उत्पादनमूलक कार्यमा ऋण लगानी गरी त्यसको प्रतिफल लिनुपर्ने कुरामा नगर प्रमुख प्रल्लादकुमार क्षेत्रीले जोड दिएका थिए ।

कार्यक्रममा वडा नम्बर ३ का वडाध्यक्ष विराटकुमार बिष्ट माधव पौडेल सहकारी सङ्घका उपाध्यक्ष लिलामणि आचार्य लगायतले शुभकामना मन्तव्य राखेका थिए।

संस्थाका सचिव उमेश न्यौपानेले प्रगति प्रतिवेदन पेश गर्नुहुँदै हालसम्म संस्थाको सम्पत्ति २६ करोड ४१ लाख ९५ हजार रहेको १६ करोड १२ लाख ६४ हजार बचत रहेको २१ करोड ७२ लाख ५२ हजार ६सय २४ ऋण लगानी रहेको र १ करोड ७२ लाख९५ हजार सेयर पुजी रहेको कुरा प्रस्तुत गरेका थिए।

आफ्नो साधारण सभामा उत्कृष्ट शेयरधनी ,बचतकर्ता, उत्कृष्ट ऋणीहरूलाई सम्मान गर्नुका साथै पाटू ,तुलसी, गौरीडाँडा र किसान नगरका चार विद्यालयका ८ जना छात्रा छात्रालाई पुरस्कृत पनि गरेको थियो।

सभाले पुरानो सरकारी कार्यसमिति विघटन गर्दै गीतादेवी भण्डारीको अध्यक्षतामा ११ सदस्य कार्यसमिति चयन गरेको छ। उपाध्यक्षमा फुलमाया घिसिङ, सचिवम उमेश न्यौपाने, सहसचिव सूर्यबहादुर कार्की, कोषाध्यक्ष रमेश कोइराला, सदस्य परमेश्वर महतो, धनमाया बि क, कल्पना श्रेष्ठ, मैनादेवी भण्डारी, सन्तोष कुमार भुजेल र विनोद बोहरालाई सर्वसम्मत चयन गरेको छ ।

यस्तै लेखा समितिको संयोजकत्वमा ध्रुव बिष्ट र सदस्यहरूमा शिला स्याङतान र मनमाया घिसिङलाई सर्वसम्मत चयन गरेको छ ।






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily राष्ट्रिय दैनिक

## सम्पादकीय

## डोनाल्ड ट्रम्पले लिएको नीति

अमेरिकामा दोश्रो पटक राष्ट्रपति पदमा डोनाल्ड ट्रम्प विजयी भएपछि अहिले अमेरिकामा एक प्रकारको भागदौड छ । त्यहाँ एक खालको आतंक छ । अमेरिका बिश्वका सबैको एक सपना बन्ने गर्दछ जसका कारण पनि लाखौं विदेशीहरु स्वर्णिम सपना बोकेर अमेरिका गएका छन । अझै नेपालीहरुको त कुरै नगरौं,ज्यानको बाजी थापेर लाखौं रुपैयाँ दलाललाई बुझाएर अबैध बाटोबाट अमेरिका गएका पनि धेरै छन् भन्ने कुरा विभिन्न संचारमाध्यामबाट सार्वजनिक भइ नै सकेको छ।

नागरिकहरुको अमेरिका पलायन नेपाल सरकारले चाहेर पनि रोक्न नसेकेको कुरा हो यो । अमेरिकामा गएपछि केके न हुन्छ भन्ने सोच भएका कारण पनि ज्यानको बाजी थापेर नेपालीहरु त्यहाँ गएका छन् तर पछिल्लो समय उनीहरुको समेत निद हराम बनाइदिएका छन्,ट्रम्पले ।

आफ्नो देशका लागि ट्रम्प ठीक र जायज भएको कुरा त्यहाँका जनताले मतदान मार्फत नै व्यक्त गरेका कारण पनि अब ट्रम्पका विषममा थप टिप्पणी गर्नु नेपालीका लागि ठीक छैन ।बिश्वका हरेक देशका लागि डोनाल्ड ट्रम्पले लिएको नीति टाउको दुखाइ बनेको छ र बन्नेपनि छ । यद्यपि अब त्यहाँबाट अबैध आप्रावासीहरु भाग्नुको विकल्प देखिदैन । अमेरिका अबको कम्तीमा चार वर्ष आप्रावासीहरुका लागि सुखद छैन भन्ने सन्देश ट्रम्पले दिनदिनै दिइरहेका छन् ।

आफ्नो देशका जनतालाई उच्च स्थानमा राख्नु हरेक देशका शासकहरुको दायित्व हो नै यसमा ट्रम्प गलत पनि छैनन् तर प्रक्रियागत रुपमा अमेरिका गएकाहरुलाई भने समस्या छैन तर लुकीछुकी बस्ने का लागि भने अब त्यहाँ ठूलै समस्या आइलाग्ने भएको छ ।यसबाट विदेशिने लहर चलेको हाम्रो देशका नागरिकहरुले अमेरिकाको यस कदमबाट लिनुपर्ने शिक्षा के हो भने- अब आफ्नो जन्मभूमिक (देश) बाहेक अन्यत्र सुरक्षा छैन । त्यसैले सबैले यो कुरा बुझ्न जरुरी छ कि अब हामीले अरुको भर नपरीआफ्नै देशमा गरिखाने उपायको खोजीमा लाग्नुपर्छ ।

# जसले महायज्ञका लागि १०११ मूर्ति बनाउँदैछन् !

• टक नेपाल

उमेरले ५५ वसन्तपार गरेर बुढ्यौलीले छोएपनि मूर्तिकार बलिराम पण्डितको जोशजाँगर भने कुनै तन्नेरीको भन्दा कम छैन ।

विगत ३० वर्षदेखि उहाँका हातले देवदेवताका विभिन्न स्वरुप र आकृति भएका मूर्ति बनाउँदै आएका छन् । यतिबेला उहाँलाई आफ्नो जीवनभरकै सबैभन्दा बढी मूर्ति बनाउने अवसर जुरेको छ।

वीरगञ्ज महानगरपालिका-१६ बसपार्कभन्दा झण्डै दुई किलोमिटर दूरीमा अवस्थित विश्रामपुर गाउँपालिका-५ मा आयोजना हुन लागेको श्री श्री १००८ महाशिवरात्री महामहोत्सव महायज्ञ २०८१ मा पण्डित नेतृत्वको टोलीले एक हजार ११ वटा देवदेवताका मूर्ति बनाउने जिम्मेवारी पाएको छ।

“विगत ३० वर्षदेखि विभिन्न स्वरुप र आकृतिका देवदेवताका प्रतिमा बनाउँदै आइरहेको थिए”, पर्साको विन्दवासिनी गाउँपालिका-५ प्रसौनीभाठ्ठाका पण्डितले भन्नुभयो, “पहिलो पटक एक हजार ११ वटा देवदेवताको मूर्ति बनाउने अवसर पाउँदा मनमा छुट्टै उमङ्ग र उत्साह थपिएको छ ।” उहाँलाई बनाउन १८ जना कालिगड सहयोगीका रूपमा डेढ महिनादेखि खटिरहेका छन् ।

मूर्तिकार पण्डितले एक हजार ११ मध्ये विभिन्न भगवानका लिला समेट्रिने खालका मूर्ति तयार पारिने जानकारी दिनुभयो। रामलिला, कृष्णलिला, शिवलिला, ५२ अवतार, सूर्य लिला, कुरुक्षेत्र, हुनमानका लिला, भिष्मपीता, लङ्कालगायत एक हजार ११ मूर्ति तयार पारिने भन्दै पौराणिक कथा तथा ग्रन्थका गतिविधिलाई मूर्तिमा समावेश गर्न लागिएको उहाँले बताउनुभयो।



मूर्तिकार पण्डितले सामान्यता सानो मूर्तिको रु एक हजार पाँच सयदेखि रु पाँच हजार मूल्य पर्ने भन्दै सोही अनुसार मूर्ति बनाउन लागिएको उल्लेख गर्नुभयो। उहाँले एक हजार ११ मूर्ति बनाउन करिब रु २५ लाख रकम लाग्ने अनुमान गर्नुभयो ।

“माटोलाई कुदेँर भगवानको आकार बनाउँदा छुट्टै आत्मसन्तुष्टि मिल्छ”, पण्डितले भन्नुभयो, “हामी पुस्तौदेखि यही काम गर्दै रमाइरहेका छौं । यही माटोबाट हुने कलात्मक आकृतिका कारण पाँच जनाको परिवारलाई हाँसीखुसी पाल्दै आइरहेको छु ।” उहाँले सबै खर्च कटाएर वार्षिक रु चार लाखसम्म बचत हुँदै आएको जानकारी दिनुभयो।

पण्डितले मूर्ति बनाएरै तीन छोरी र दुई छोरालाई उच्च शिक्षा दिँदै आइरहेको बताउनुभयो । “विगतमा मैलै २१, ५१, एक सय एक, दुई सय एक सङ्ख्यामा मूर्ति बनाएको थिए,” उहाँले भन्नुभयो, “यतिधैरै मूर्ति भने पहिलो पटक बनाउन लागेको हुँ ।” महामहोत्सव महायज्ञ मूल व्यवस्थापन समितिका अनुसार महायज्ञ आगामी माघ २४ गतेदेखि फागुन १५ गतेसम्म सञ्चालन हुनेछ।

मूल व्यवस्थापन समितिका सदस्य सुमित यादवले महायज्ञमा एक हजार ११ मूर्ति बनाउने कार्य अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो । “महायज्ञ सामाजिक कार्य गर्ने उद्देश्यले आयोजना गर्न लागिएको हो”, उहाँले भन्नुभयो।

महायज्ञ प्रसारप्रसार समितिका संयोजक राज सर्राफले महायज्ञको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो। महायज्ञमार्फत सामाजिक कार्य गर्नुका साथै धार्मिक पर्यटन प्रवर्द्धन हुने विश्वास लिइएको उहाँले बताउनुभयो।

## व्यक्तिगत घटना सम्बन्धि सूचना !!!

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना आफ्नो स्थायी वडा कार्यालयमा गई घटना घटेको ३५ दिनभित्र दर्ता गरौं र गराऔं ।

जन्म दर्ता किन गर्ने ?
- उमेरको निर्णायक प्रमाण प्रदान गर्न
- बालबालिकालाई स्कुल भर्ना गर्न
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न
- नागरिकता र पासपोर्ट बनाउन
- राष्ट्रिय परिचयपत्र लिन्

बाबुको ठेगान नभएका बच्चाको जन्मदर्ता गर्न सूचना फारामको बाबुको विवरणको महलमा ठेगान नभएको व्यहोरा लेखि आमा सूचक बनि जन्मको घटना दर्ता गर्न सकिन्छ ।



अनुरोध
बर्दिबास नगरपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी






# 'रिक्सालाई धान्न गाह्रो भो, अटो र रिक्साको रुट तोकिदिए हुन्थ्यो'

• शैलेन्द्र महतो



कठ्याङ्ग्रिँदो चिसोले पछिल्लो समय तराई-मधेशको जनजीवन कष्टकर छ । हुस्सुले छपक्कै छोप्ने हुँदा यहाँको जनजीवन त्यति सहज छैन ।

विशेष गरेर बिहानीको समय चिसोले थप कष्टकर बनाइदिन्छ । आइतबार बिहान साढे ७ बजेतिर वीरगञ्जको जनजीवन माथि भनेजस्तै असहज थियो । हुस्सुले छपक्कै ढाक्दा सडकमा आउजाउ गर्न पनि समस्या थियो । सडकमा हिँड्डुल गर्नेहरूको वस्त्र शीतलहरले छपक्कै भिजेको देख्न सकिन्थ्यो । बाक्ला लुगा लगाएर पनि कतिपय मान्छे जाडो छल्न घण्टाघर छेउको प्रहरीबिट अगाडि आगो ताप्दै थिए । तर, ५२ वर्षीय सुकदेव बैठालाई भने यो जाडोको कुनै प्रवाह थिएन । उनी साइकल रिक्साको पाइडल खियाउँदै यताउति नजर डुलाउँदै थिए । सडक वरपर यात्रु खोज्न उनी ब्यस्त थिए । खुट्टामा पुराना चप्पल, टाउको र कान ढाक्ने गरी गम्छा बेरेका उनी पुरानो स्वीटरको भरमा यो जाडो कटाइरहेका छन् । उनलाई यो जाडोभन्दा पनि रिक्सा चलाएर हुने आम्दानीबाट जीवनगुजाराको चिन्ता बढी छ ।

'यात्रु खोजे जातबानी सन । इ जार से बेसी पेटके चिन्ता बा,' उनले भने 'दिन प्रतिदिन थपिँदै गएको ई-रिक्साको संख्याले हाम्रो कमाइ मर्दै गएको छ ।'

उनका अनुसार दिनभर रिक्सा चलाउँदा दैनिक दुई सयदेखि पाँच सय रुपैयाँ मात्र आम्दानी हुन्छ । त्यसमध्ये डेढ सय रुपैयाँ त रिक्सा साहुलाई नै तिर्नुपर्छ । बाँकी बचेको पैसाले परिवारको जीवनगुजारा चलाउनु पर्छ । ३५ वर्षदेखि वीरगञ्जको सडकमा रिक्सा चलाउने सुकदेवलाई केहीवर्ष यता जीवन धान्न धौधौ परेको छ ।

रिक्सामा यात्रीलाई गन्तव्यसम्म पुर्‍याउने सुक्देवको रातिको गन्तव्य साहुको ग्यारेज हो । वीरगञ्जमा न त उनको आफ्नो घर छ, न त कोठा भाडा लिन सकेका छन् ।

रौतहटको गौर नगरपालिका-२, देवी पर्साका सकुदेव रिक्सा चलाएर पाँच जनाको परिवार चलाइरहेका छन् । उनको परिवारमा दुई छोरा विकास र राजेश, एक छोरी र श्रीमती छन् । रिक्सा चलाएरै पालनपोषण गरी तीन सन्तान हुर्काएका उनलाई अब एकलै घरचलाउन मुस्किल परेको छ ।

'दुई छोरा गाउँघरमा मजदुरी गरेपछि घर चलिरहेको छ । नत्र यो रिक्सालाई धान्न गाह्रो छ,' सकुदेव भन्छन् ।

केही वर्षअघिसम्म यही रिक्सा चलाएर दिनको दुई हजार रुपैयाँसम्म कमाएको अनुभव छ सुकदेवसँग । तर, अटो रिक्सा थपिँदैजाँदा यत्रु रिक्सामा चढ्न हिचकिचाउँछन् ।

'मान्छे सौखिन भए । रिक्सामा चढ्न संकोच मन्छन् । केही यात्री मात्र हाम्रोमा चढ्छन् । हामीलाई यात्री खोज्नु पर्छ । नत्र दुई चारसय कमाइ पनि हुन्न,' उनी भन्छन् । अटो रिक्सा साथीहरूले किने पनि आफ्नो त्यो हैसियत नभएको सुकदेवको भनाइ छ ।

सुकदेव जस्तै ४८ वर्षीय सुमन गुरुङ घण्टाघरतिरबाटै पाइडल खियाउँदै यात्रु खोज्न उत्तर तर्फ लम्किँदै थिए । पछिल्ला समय रिक्सामा यात्रु नपाएपछि उनी मारमा परेका छन् । एक पेट कसरी खाने भन्ने चिन्ताले राम्ररी निदाउन नपाएका उनलाई बिहानको जाडो र हुस्सुले छेक्दैन । 'म यात्रु खोज्न जाँदै छु । हजुर अलि हतार छ । नत्र यात्रु पाइँदैन, कमाइ भएन भने के खाने ?,' हामीसँग कुरा गर्दै सुमनले सुनाए ।

धेरै साथीहरूले जेनतेन अटो रिक्सा किने । तर, उनले ४४ हजार ऋण लिँदा साहुकोमा राखेको सुनको औंठी बन्धकी छुटाउन सकेका छैनन् । उनको परिवारमा चार छोरासहित ६ जना छन् । 'छोराहरू उतै इलम गरेर खान्छन् । रिक्सा चढ्ने यात्रु नपाउँदा मलाई नै लाउन खान गाह्रो पर्छ,' सुमनले भने ।

सुमन पनि ग्यारेजमा सुत्ने गर्छन् । उनले त्यही खाना पकाएर खान्छन् । सानो ग्यास सिलिन्डर उनको रिक्सामा थियो । चोरी हुन्छ भन्ने डरले उनी त्यो सिलिन्डर रिक्सामै लिएर हिँड्छन् ।

सुमनले २० वर्षजति ट्रक चलाएका थिए । सडकमा ट्रक गुडाउन समस्या भएपछि १० वर्षदेखि वीरगञ्जमा रिक्सा चलाइरहेको उनको भनाइ छ ।

'पहिला त राम्रै कमाइ हुन्थ्यो । अटो रिक्साले हाम्रो बजार खायो । सरकारले पनि हेर्दैन । अटो र रिक्साको रुट निर्धारण गरे हुन्थ्यो । सरकारले हामी गरिबलाई चिन्दैन,' उनले पीडा पोखे ।

रौतहटकै गौर नगरपालिका-२ का ४५ वर्षीय ओपिन्दर पासवानलाई पछिल्लो समय रिक्सा चलाएर परिवार धान्न हम्मेहम्मे पर्छ । उनको ६ जनाको परिवार छ । गल्लीगल्लीमा अटो रिक्सा थपिँदै जाँदा रिक्सा चलाउनेहरूको पेसा संकटमा परेको उनको गुनासो छ ।

'गल्लीगल्लीमे अटो घुमाबतबा । हमरा लोकके लेल कोनो रुट निर्धारण करत त अच्छा होइत । से त सरकार करत ना । गरिब से सरकारके कोन मतलब बा,' उनी गुनासो गर्छन् ।

निजगढ नगरपालिका-८ का ५५ वर्षीय केदार पोखरेललाई पनि पेसा संकटमा परेको आभाष भइरहेको छ । २२ वर्षदेखि रिक्सा चलाएर गुजारा गरिरहेका पोखरेलाई अब कसरी जीवन धान्ने भन्ने चिन्ताले पिरोलिरहन्छ । 'कमाइ नहुँदा परिवार चलाउन गाह्रो भएको छ । सरकारले वीरगञ्जमा कुनै रुट निर्धारण गरिदिए हामीलाई सहज हुन्थ्यो । नत्र बिस्तारै हामी पनि विस्थापित हुन्छौ । अटो रिक्सा किन्ने हैसित छैन ।'

सुकदेव, सुमन, ओपिन्दर र केदार उदाहरणीय पात्र मात्रै हुन् । उनीहरू जस्ता पाँच सयभन्दा बढी रिक्सा चालक समस्यामा छन् ।

अटो रिक्सा चढ्न यात्रु तँछाडमछाड गरिरहेका बेला रिक्सावाला मुख ताकेर बस्नु परेको दृश्य वीरगञ्ज बजारमा लहरै देख्न सकिन्छ ।

वीरगञ्ज महानगरपालिकाभित्र अहिले कति अटो रिक्सा र रिक्सा छ भन्ने तथ्यांक महानगरपालिका कार्यालयसँग छैन । सडक तथा यातायात व्यवस्था शाखामा २०७६ देखि हालसम्म ६५० ई-रिक्सा दर्ता रहेको शाखा प्रमुख विजयकुमार गुप्ताले जानकारी दिए । यद्यपि बजारमा ई-रिक्सा २ हजार ५ सयभन्दा बढी सञ्चालनमा रहेको उनको अनुमान छ । रिक्साको तथ्यांक नै महानगरमा छैन । यद्यपि ५ सय जति रिक्सा रहेको अनुमान महानगरको छ ।

नागरिक समाजका अगुवा बाबुराम कौशिकका अनुसार कुनै बेला वीरगञ्जमा १० हजार बढी रिक्सा थियो । उनीहरू रिक्सा चलाएर परिवार पाल्थे । तर, आधुनिकतासँगै अटो रिक्सा थपिँदै जाँदा रिक्सा विस्थापित हुँदै गएको कौशिकको भनाइ छ ।

'कतिपयले ऋण काढेर जेनतेन अटो रिक्सा किनेर चलाइरहेका छन् । किन भने रिक्सा चलाउने हरू अत्यन्त विपन्न परिवारका हुन्छन् । उनीहरूको रातिको गन्तव्य ग्यारेज र सडकपेटी हुन्छ । यसरी दुःख गरी रात बिताउँछन् ।

तीन तहका सरकारले उनीहरूको व्यवस्थापनमा ध्यान दिएका छैनन्,' कौशिक भन्छन् ।

कौशिकका अनुसार सरोकार पक्षले रिक्सा चलाएर गुजारा गर्ने व्यक्तिहरूको पेसाको सुरक्षाका लागि रुट निर्धारण लगायत अन्य व्यवस्थापन गर्नु आवश्यक छ ।

0% ब्याजदरमा आकर्षक मोवाईलहरु
अब अन्त किन?
हाम्रै सहर बर्दिबासको
हर्ष उत्कर्ष ट्रेडर्स
बर्दिबास न.पा.-१४, महोत्तरी
पुरानो शुभ स्वस्तिक हस्पिटलको भवनमा
मो.९८४१५५६५००
नोटः यहाँ S25 ultra Mobile को प्रि.बुकिङ्ग गरेमा आकर्षक गिफ्टको पनि सुविधा छ। ।




साईवर अपराधबाट जोगिऔं !!!
कम्प्युटर, मोवाईल र ईन्टरनेट प्रयोग गर्दा यी कुराहरु ध्यान दिनुहोस् ।
→ बलियो पासवर्ड राखौं र पासवर्डलाई नियमित रुपमा परिवर्तन गरौं ।
→ अपरिचित व्यक्ति वा कार्यालयबाट आएका शंकास्पद मेल, म्यासेज, लिङ्क नखोलौं ।
→ अपरिचित व्यक्तिले युजरनेम र पासवर्ड मागे नदिऔं ।
→ ह्वाट्स एप, ईमो, भाइबर, मेसेन्जरलगायतका सामाजिक सञ्जालमा आएका शंकास्पद भिडियो वा अडियो कल नउठाऔं । त्यस्ता कल पटक पटक आए ब्लक गरौं ।
→ आफ्ना व्यक्तिगत विवरणहरु (ओटिपी, युजरनेम, पासवर्ड, बैंक खाता नम्बर, पिनकोड,
→ नागरिकता नम्बर, राहदानी नम्बर, जन्म मिति) कसैलाई शेयर नगरौं, सुरक्षित राखौं ।
सम्सी गाउँपालिका
महोत्तरी, मधेश प्रदेश

# नेपाल लाइफका वरिष्ठ एजेन्सी म्यानेजर मोकेन्द्र यादबले चुमे पाचौं पटक 'एमडीआरटी' विजेताबाट सम्मानित

• टक नेपाल

नेपाल लाइफ लाइफ इन्स्योरेन्स वरिष्ठ एजेन्सी म्यानेजर मोकेन्द्र यादब सन् २०२५ को एमडिआरटीसहित लगातार पाचौं पटक क्वालिफाइड बन्न सफल भएका छन् ।

लगातार दश वर्षसम्म एमडिआरटीमा क्वालिफाइड बन्दै विश्वको एकमात्र ग्लोवल संस्था एमडिआरटीको आजीवन सदस्याता लिने लक्ष्य लिएका यादवले २०२१ देखि निरन्तर एमडिआरटी र दुई पटक सीओटी क्वालिफाइड हुँदै आएका छन् ।

सप्तरी जिल्लाको राजविराज नगरपालिका वडा नं.५मा जन्मेका बहुआयामिक व्यक्तित्व उनी बीमा अभिकर्ताको अतिरिक्त राजनीतिकर्मी हुन् । जनमानसमा बीमा अभिकर्ताको माध्यमबाट बचत र सुरक्षाको वीत्तिय साक्षरता फैलाइरहेका मोकेन्द्र यादव प्रत्यक्ष तथा परोक्ष रूपमा समाजसेवामा समेत जोडिएका छन् ।

'देशमा आर्थिक मन्दी छ, यो देशमा केहीपनि हुन सक्दैन' भन्दै विसङ्गति बोध गर्ने हजारौं युवा आफ्नो मातृभूमि छोडेर विदेशीरहेको सन्दर्भमा पनि 'हामी आफ्नै देशमा केही गर्न सक्छौं भन्ने ' सन्देश आफूले दिन खोजिरहेको मोकेन्द्र यादव बताउँछन् ।

नेपाल लाइफ इन्स्योरेन्स मधेश प्रदेशका अभिकर्तामध्ये अन्तर्राष्ट्रिय प्लेटफर्म उत्कृष्ट एमडीआरटी विजेता बन्न सफल मोकेन्द्र यादबलाई नेपाल लाइफले द सोल्टी काठमाडौंमा भव्य कार्यक्रमकाबीच सम्मान गरेको नेपाल लाइफ इन्स्योरेन्स मधेश प्रदेशका प्रमुख दशरथ झाले बताए ।



मोकेन्द्र यादबसहित देशभरबाट एमडीआरटी जित्न सफल ९५ जना अभिकर्ता सम्मानित भएका थिए ।

उनी प्रदेशमा बिमा क्षेत्रको प्रेरणाको स्रोत नै बनेका छन् । उनले भने "मेरो मिहेनत र लनगसिलताकै कारण यो सम्मान पाएको हुँ। सम्मानले अझै आफ्नो कामप्रति अपनत्व र जिम्मेवारी थपिएको महसुस गरेको छु" ।

"मलाई माया र विश्वास गर्नुहुने सबैलाई धन्यवाद दिन्छु।" जिवन बिमा गर्ने र गराउने दुवैको भविष्य उज्वल रहेको उनको भनाइ छ। तर उनले निरन्तर यहि पेशामा अगाडी बढ्ने, क्लेम परेको अवस्थामा बीमितलाई क्लेम लिन सहयोग गर्ने गर्दै गएपछि उनीप्रति मानिसहरुको विश्वास बढ्दै गयो ।

नेपालको सर्वाधिक विश्वासिलो जीवन बीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्सले सो अवसरमा पुनर्ताजगी तालिमसमेत प्रदान गरेको छ । नेपाल लाइफका सीईओ प्रविन रमण पराजुलीले अभिकर्ताहरू बिमा कम्पनिका मेरुदण्ड भएकाले उनीहरूकै अथक मेहनत र परिश्रमको कारण आज कम्पनी उत्कृष्ट बन्न सफल भएको बताए।

# भारतमा महाकुम्भ मेलामा भागदौड मच्चिँदा कम्तिमा १५ जनाको मृत्यु

• टक नेपाल

भारतमा महाकूम्भ मेलामा भागदौड मच्चिँदा कम्तिमा १५ जनाको मृत्यु भएको छ।

उत्तरप्रदेशको प्रयागराजस्थित त्रिवेणी संगममा मंगलबार राति भागदौड मच्चिँदा कम्तिमा १५ जनाको मृत्यु भएको भारतीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

मंगलबारदेखि सुरू भएको शाही स्नानका लागि हजारौं मानिसहरू त्रिवेणी संगममा उपस्थित भएका थिए। बुधबार बिहानै मौनी अमावस्याको अवसरमा गंगा स्नान गर्नका लागि मंगलबार राति नै मानिसहरूको भिड लागेको थियो। त्यसक्रममा भागदौड मच्चिँदा मानिसहरूको मृत्यु भएको भारतीय अखबर द हिन्दुस्तान टाइम्सले जनाएको छ । कति मानिसको मृत्यु र घाइते भएको भन्नेबारे यकिन विवरण सार्वजनिक नभएपनि कम्तिमा १५ जनाको मृत्यु भएको बताएको छ। बिबिसीले पनि एक डाक्टरलाई उद्धृत गर्दै १५ जनाको मृत्यु भएको समाचारमा लेखेको छ।



घटनामा कम्तिमा ४० जना घाइते भएको बताइएको छ । त्यहाँ उपस्थित भक्तजनहरूले प्रशासनको फितलो सुरक्षा व्यवस्थाका कारण त्यस्तो घटना भएको आरोप लगाएका छन्।

प्रधानमन्त्री नरेन्द्र मोदीले यूपीका मुख्यमन्त्री योगी आदित्यनाथसँग घटनाबारे जानकारी लिएका छन्। मुख्यमन्त्री आदित्यनाथले अफवाहको पछि नलाग्न शान्त रहन सबैलाई आग्रह गरेका छन्।


हार्दिक शुभकामना




नेपाल रेडक्रस सोसाइटी उप शाखा बर्दिवासको सभापतिको रुपमा मनोनयन हुनु भएका आत्मीय भाइ भुवन खड्का लगायत सम्पूर्ण पदाधिकारी हरुलाई सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रहलाद कुमार क्षेत्री
नगर प्रमुख
बर्दिबास नगरपालिका,महोत्तरी

मधेस प्रदेशमै पाइल्सको १ मात्र लेजर सर्जरी



विधिबाट पाइल्स, फिस्टुला, फिसर, पाइलोनाइडल साइनसको उपचार
डा. अफजल मन्सुरी
द्वारा
पोखरा र काठमाण्डौमा विगत लामो समयदेखि हजारौं बिरामीहरूलाई सफल उपचार गरिसक्नु भएका अनुभवी वरिष्ठ डा अफजल मन्सुरी टिमद्वारा जाँच उपचार तथा परामर्श हुने भएकोले समयसै सम्पर्क राखी मौकाको फाइदा उठाउनुहुन अनुरोध गरिन्छ ।

डा. अफजल मन्सुरी
BAMS, IOA, NSU, Dang
CCKAS, AIAA, Ghaziabad (Delhi)
NWCLD of Lasser Theraphy on Benign anorectal disease & vericoseveins
BHU Baransi, India
NAMC No.: 786



बाँझोपन, नि:सन्तान महिला पुरुषको उपचार पनि गरिन्छ ।

हरेक हप्ताको आइतबार, सोमबार र मंगलबार
समय: विहान १०:००-५:०० बजेसम्म

हाम्रा सेवाहरू
- पायल्स, फिसर, फिस्टुला
- दिसा गर्दा रगत आउँने
- दिसा गर्दा मासु आउने
- दिसा गर्दा दुखाइ हुने
- मलद्वारमा फोका देखिनु
- मलद्वारमा पिप निस्कनु
- मलद्वार चिलाउनु
- मलद्वार सुन्निनु
- कब्जीयत
- हाडजोर्नी, नशा
- यौन समस्या
- छाला रोग आदि

लेजर सर्जरी नै किन ?
- ☑ भर्ना हुनु नपर्ने
- ☑ दुखाई नहुने
- ☑ रोग पुनः नदोहोरिने
- ☑ सवारी साधन चलाएर घर फर्कन सकिने साथै नियमित काम गर्न सकिने

पायल्स, फिसर, फिस्टुला
दिशा घरमा मासु पलाएको, दुख्ने पोल्ने, चिलाउने, रगत बग्ने, दिशा गर्दा मासु बाहिर आउने, दीर्घकालीन कब्जियत, दिशा नखुल्ने, गानोगोला साथै मलद्वार सम्बन्धी सम्पूर्ण समस्या

सम्पर्क:
ग्राण्डी आयुर्वेद प्रोक्टो लेजर क्लिनिक
बर्दिवास-१, बरगाछीटोल, महोत्तरी, 9864070612, 9807647760

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५०२५५


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्धारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, कार्यकारी निर्देशकः ललन मण्डल, प्रवन्धकः बिनोद ढुङ्गेल, सम्पादक : रंजुकुमारी साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com